annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २८४ पृष्ठ ८ | काठमाडौं, सोमबार ५ फागुन २०८१ | फाल्गुन कृष्णपक्ष पञ्चमी, नेपाल संवत् ११४५ | MONDAY, FEBRUARY 17, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# भूमिसम्बन्धी अध्यादेशमा राजनीतिक अड्को

मुलुकको राजनीति भूमिसम्बन्धी अध्यादेशले तरंगित छ । सत्तापक्षमै रहेका मधेस केन्द्रित दल विपक्षमा उभिएपछि अध्यादेशको विपक्षमा उभिएका छन् । कांग्रेस एमालेका लागि अध्यादेश प्रतिष्ठाको विषय बन्दै छ । प्रतिनिधिसभामा दुईतिहाइ भए पनि राष्ट्रियसभामा यी दुई दल अल्पमतमा परेकाले अध्यादेशको भष्यिमाथि प्रश्नचिह्न खडा भएको छ । भूमिसम्बन्धी अध्यादेशमा बहुमत जुटाउने सत्तापक्षको कसरत जारी छ । त्यसैकारण अरू ५ वटा अध्यादेश पनि संसद्मा निर्णयार्थ पेस गरिएका छैनन् ।

**सुरेन्द्र काफ्ले ⁄ राधा खनाल** | *काठमाडौं*

**– को रिपोर्ट**

समाचार पृष्ठ २




## भारतको रेलवे स्टेसनमा भागदौड, १८ को मृत्यु

**एजेन्सी** (नयाँ दिल्ली) : भारतको राजधानी नयाँ दिल्लीस्थित एक रेलवे स्टेसनमा शनिबार राति भएको भागदौडका क्रममा मृत्यु हुनेको संख्या १८ पुगेको छ। विश्वको सबैभन्दा ठूलो धार्मिक जमघट महाकुम्भ मेलामा जान रेल चढ्न भेला भएका धार्मिक पर्यटकबीच रेल चढ्ने क्रममा भागदौड भएको हो।

उत्तरी सहर प्रयागराजमा हुने कुम्भ मेलाले प्रत्येक १२ वर्षमा दशौं लाख हिन्दू धर्मावलम्बीहरूलाई आकर्षित गर्दछ। फेब्रुअरी २६ मा समाप्त हुने उक्त कार्यक्रमका लागि रेल चढ्नका लागि भीडले संघर्ष गरिरहेका बेला नयाँ दिल्लीको रेल स्टेसनमा भागदौड भएको हो। 'अस्पतालमा १५ जनाको मृत्यु भएको म पुष्टि गर्न सक्छु। तिनीहरूलाई कुनै पनि देखिने चोट छैन। हाइपोक्सिया वा कुनै चोटका कारण मृत्यु भएको हुन सक्छ तर शव परीक्षणपछि मात्र यसको पुष्टि हुनेछ,' नयाँ दिल्लीस्थित लोकनायक अस्पतालकी डेपुटी मेडिकल सुपरिटेन्डेन्ट डा. रितु सक्सेनाले एएफपीसँग बताए। 'घटनामा अन्य ११ जना घाइते भएका छन्। तीमध्ये अधिकांशको अवस्था स्थिर छ र हाडजोर्नीमा चोट लागेको छ,' उनले भने।

शहरको अर्को अस्पतालका एक अधिकारीलाई उद्धृत गर्दै एनडीटिभीले भागदौडमा परी थप तीन जनाको मृत्यु भएको जनाएको छ। मृत्यु हुनेमा अधिकांश महिला र बालबालिका छन्। 'म सन् १९८१ देखि कुल्लीको काम गर्दै आएको छु, तर मैले यसअघि यस्तो भीड कहिल्यै देखेको थिइनँ," रेलवे स्टेसनका एक पोर्टरलाई उद्धृत गर्दै 'टाइम्स अफ इन्डिया'ले लेखेको छ।

प्रयागराजका लागि छुटेको विशेष रेलको प्लेटफर्म एकाएक सारिएपछि मानिसहरू आपसमा ठोक्किन थाले र एस्केलेटर र सिँढीमा खसेका थिए। रेलमन्त्री अश्विनी वैष्णवले दुर्घटनाको कारणबारे उच्चस्तरीय छानबिनको आदेश दिइएको बताए।

वैष्णवका अनुसार भक्तजनको भीड हटाउन नयाँ दिल्लीबाट थप विशेष रेल सञ्चालन भइरहेको छ। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले भागदौडबाट आफू मर्माहत भएको बताएका छन। 'शोकको यस घडीमा म आफ्ना प्रियजनहरू गुमाएका व्यक्तिहरूप्रति समवेदना व्यक्त गर्छु।,' उनले लेख्नुभएको छ।

राजधानी क्षेत्र दिल्लीका गभर्नर विनयकुमार सक्सेनाले विपद् व्यवस्थापनका कर्मचारीलाई तैनाथ गर्न भनिएको र सबै अस्पतालहरू सम्बन्धित आपतकालीन अवस्थालाई सम्बोधन गर्न तयार रहेको बताएका छन्।


# पूर्वमन्त्रीका प्रश्न, प्रधानमन्त्रीको प्रतिप्रश्न

### संसद्मा प्रधानमन्त्रीसँग प्रश्नोत्तर

**अन्नपूर्ण** | *काठमाडौं*

प्रधानमन्त्री केपी शर्मा ओलीले प्रश्न सोध्ने पूर्वमन्त्री भइसकेका सांसदहरूलाई संसद्मा उल्टै प्रतिप्रश्न गरेका छन्। मन्त्री हुँदा आफूले जिम्मेवारी पूरा नगरेको र अहिले त्यी विषयमा प्रश्न गरेको भन्दै प्रधानमन्त्री ओलीले प्रतिप्रश्न गरेका हुन्। उनले पूर्वअर्थमन्त्री वर्षमान पुन, पूर्वभौतिक पूर्वाधारमन्त्री प्रकाश ज्वाला र पूर्वसहरी विकासमन्त्री प्रभु साहलाई प्रतिप्रश्न गरे।

प्रधानमन्त्री ओलीले पूर्वमन्त्री एवं सांसद प्रकाश ज्वालालाई आफ्नो पालामा अघि बढाएका कामलाई निरन्तरता नदिएको गुनासो गरे। ज्वालाले अघिल्लोपटक ओली प्रधानमन्त्री हुँदा शिलान्यास गरिएका १ सय ६५ निर्वाचन क्षेत्रका रणनीतिक सडक र पालिका अस्पताललाई बजेट नदिई अलपत्र पारिएको भन्दै प्रश्न गरेका थिए। 'मेरो अघिल्लो कार्यकालमा मैले निर्वाचन क्षेत्र रणनीतिक सडक र हरेक पालिकामा आधारभूत अस्पतालहरूको आवश्यकता महसुस गरी सोको निर्माणको सुरुवात गरेको थिएँ,' प्रधानमन्त्री ओलीको जवाफ थियो- 'तर त्यसको केही समयपछि नै सरकार परिवर्तन भयो र म बाहिरिएँ।' त्यसपछि आउने सरकारहरूले ती कार्यक्रमहरू रद्द गरे। निर्माण रोकियो। प्रश्नकर्ता माननीय पनि त्यसपछिका सरकारमा भौतिक पूर्वाधारमन्त्री हुनुहुन्थ्यो कि जस्तो लाग्छ। कार्यक्रमहरू रद्द गर्नेले नै फेरि त्यसको प्रगति खोज्ने हामीमा अनौठो संस्कार छ।'



प्रधानमन्त्री ओलीले सिद्धबाबा सुरुङमार्ग, नागढुंगा सुरुङ मार्गलगायतका पूर्वाधार निर्माणका काम तीव्रताका साथ भइरहेको बताए। जाजरकोट र रुकुममा भूकम्प प्रभावितका लागि प्रथम र दोस्रो किस्ताको रकम गएको पनि उनले जानकारी गराए। उनले २०८१ माघ महिनामा मात्रै भूकम्प प्रभावितहरूका लागि थप ८० करोड निकासा भएको बताए। मनसुनजन्य विपद् एवं भूकम्पबाट प्रभावितहरूको समस्या समाधानका लागि विपद् व्यवस्थापन राष्ट्रिय परिषद्को खर्ब १ अर्बको पुनर्निर्माण तथा पुनर्स्थापना योजना स्वीकृत गरी निजी आवास र भौतिक पूर्वाधार पुनर्निर्माणका लागि स्पष्ट मार्गचित्र तयार जानकारी दिए।

यस्तै, प्रधानमन्त्री ओलीले पूर्वअर्थमन्त्री एवं सांसद वर्षमान पुनलाई देशको अर्थतन्त्रका बारेमा चिन्ता गरेकोमा धन्यवाद भन्दै 'व्यंग्य' गरे। उनले पुनलाई आफू अर्थमन्त्री हुँदाको मुख्य वृद्धिको अनुपात हेर्न आग्रह गरे। 'देशको अर्थतन्त्रबारे चिन्ता गर्नु भएकोमा यसअघिका अर्थमन्त्रीसमेत रहनुभएका प्रश्नकर्ता माननीयलाई धन्यवाद। ७ महिना अगाडि तपाईं आफैं अर्थमन्त्री हुनुहुन्थ्यो,' उनले भने, 'त्यस समयभन्दा अगाडि र त्यसयताको मूल्य वृद्धिको अनुपात हेर्न म उहाँलाई अनुरोध गर्दछु। हामीले अब आँकडामा प्रश्नोत्तर गर्ने, त्यसको तुलना गर्ने बानी बसाल्नुपर्छ।' उनले पुन अर्थमन्त्री हुँदाभन्दा पछिल्लो समयमा पुँजीगत खर्च बढिरहेको पनि दाबी गरे। 'तपाईंको अर्को प्रश्न छ- पुँजीगत खर्च भइरहेको छैन। हो, हाम्रो पुँजीगत खर्च कम छ। तर, माननीयज्यू अर्थमन्त्री भएको अवधिको तुलनामा भने बढी छ। यसै अवधिको तुलनामा चालु आर्थिक वर्षको ६ महिनाको पुँजीगत खर्च १५ प्रतिशतले वृद्धि भएको छ,' उनले भने। उनले अर्थतन्त्रमा सुस्तता एकै दिन नआएको बताउँदै भने, 'हाम्रो अर्थतन्त्रमा सुस्तता एकै दिनमा आएको होइन र सुस्तता एकै दिनमा हट्ने पनि होइन। हामी सरकारमा आएपछि अर्थतन्त्र सुधारका लागि गम्भीर रूपमा काम गरिरहेका छौं र सुधारका केही नतिजाहरू पनि देखिएका छन्।'

प्रधानमन्त्री ओलीले अर्थतन्त्र गतिशील बनाउनका लागि परेको स्पष्ट परे। उनले पुनको प्रश्नको उत्तर दिँदै भने, 'सर्वप्रथम अर्थतन्त्रलाई गतिशील बनाउने सम्बन्धमा माननीयज्यूले राख्नुभएको सुझावका लागि धन्यवाद।'

प्रधानमन्त्री ओलीले हालै जारी अध्यादेशमार्फत आएका नीतिगत र कानुनी सुधारले व्यवसायिक वातावरणमा सुधार आउने तथा लगानी अभिवृद्धि भई आर्थिक गतिविधि बढ्ने विश्वास लिएका बताए।

प्रश्नोत्तरको क्रममा प्रधानमन्त्री ओलीले पूर्वमन्त्री एवं सांसद प्रभु साहमाथि आक्रोश पोखे। पूर्वमन्त्री एवं सांसद साहले ७० लाख युवाले विदेशमा कमाएको रकम हुन्डीकारोबारीमा मिलान गराएको विषयमा सरकार मौन बसेको भन्दै प्रश्न गरेका थिए। जवाफमा ओलीले भने, 'उहाँका प्रश्नहरू उहाँका मनमा रहेका घृणा आक्रोश अपमानजनक छन्। संसद् जस्तो सम्मानजनक ठाउँमा विदेश युवा पठाएर भन्ने भाषा बोलेर के लाभ भयो? के मेनपावर व्यवसायी हो ? तपाईंले भनेको ७० लाख यो ७ महिनामा गएका हुन् ?'

» बाँकी पृष्ठ ५




सोमबारको अनुमानित अधिकतम र न्यूनतम तापक्रम (सेल्सियसमा)

| | | |
|---|---|---|
| धनगढी | २८° | ११° |
| जुम्ला | १९° | -४° |
| पोखरा | २२° | ८° |
| भैरहवा | २७° | १०° |
| काठमाडौं | २२° | ६° |
| जनकपुर | २८° | १०° |
| विराटनगर | २७° | १०° |

*स्रोत: जल तथा मौसम विज्ञान विभाग*

# जेसिबीले ढुंगा पल्टायो, युकेजीकी विष्णुको ज्यान गयो

**मनोज कार्की** | *गुल्मी*

इस्मा गाउँपालिका-२ छल्दीटार निवासी विष्णु कमाल पालुखा माध्यमिक विद्यालयमा युकेजीमा पढ्थिन्। भर्खरै ८ वर्ष पुगेकी उनी हिँडेरै स्कुल जान्थिन्। करिब १५ मिनेट समय लाग्थ्यो। बिदा बाहेका दिन उनी दाइदिदीसँगै विद्यालय जाउआउ गर्थिन्। बुवाआमासहित उनको ५ जनाको परिवार छ।

घरकी कान्छी छोरी भएकाले पनि उनलाई छरछिमेकी र साथीभाइ निकै माया गर्थे। विष्णु खाना खाएर विद्यालय गएपछि मात्रै उनका बुवा ज्ञानबहादुर गाउँमा मेलापात हिँड्थे। सबै मेलापातबाट फर्किएर छोरीसँग रमाउँदै दिनभरको थकाइ मार्थे। उनका दाजु र दिदी विद्यालयमा दिएको गृहकार्यमा सघाउँथे। उनी दिनभर स्कुलमा भएका गतिविधि आमाबुवालाई सुनाउँथिन्।




सधैंजसो आइतबार बिहान पनि विष्णु विद्यालय जान घरबाट निस्केकी थिइन्। दाजु, दिदी र साथीभाइ केही अगाडि पुगेका थिए। उनको घर माथिको सडकमा केही वर्षयता स्तरोन्नतिको काम चलिरहेको छ। घर छोडेको ५ मिनेट नहुँदै माथिबाट ढुंगा खस्यो। त्यो ढुंगा उनको टाउकोमा बजारियो। त्यही ढुंगाले विष्णुको ज्यान लियो। भर्खरै विद्यालय टेकेकी विष्णुको भविष्यमा ठूलो मान्छे बन्ने सपना सधैंका लागि अन्त्य भयो।

**निर्दोष बालिका विष्णुको के दोष ?**

जेसिबीले माथिबाट पल्टाएको ढुंगा लागेर विष्णु गम्भीर घाइते बनेकी थिइन्। विष्णुको टाउकोबाट रगत बग्यो। घाइते भएपछि साथी र गाउँले जम्मा भए। 'विचरा' भन्दै सबै जना रुन थाले। आमा शर्मिला कुमाल घाइते विष्णुलाई काखमा राखेर रोइकराइ गर्न थालिन्। उनले घाइते छोरीलाई अस्पताल पुर्‍याइदिन निर्माण व्यवसायीका कर्मचारीसँग आग्रह गरिन्। तर, उनको पीडाको बिलौना कसैले सुनेनन्। बरु उनीहरू उल्टै रमिते बनेको स्थानीय बताउँछन्। दुर्घटनास्थलमा व्यवसायीका केही गाडी त थिए। आमा घाइते छोरीलाई काखमा च्यापेर डेढ घण्टासम्म घटनास्थलमै बस्न बाध्य भइन्। उनलाई उपचार गर्न अस्पताल लग्नेमा व्यवसायीको ध्यान गएन।

आफूहरूले व्यवसायीलाई ताकेता गरेपछि मात्रै एम्बुलेन्समा नानीलाई अस्पताल लगिएको स्थानीय राजन कुँवरले सुनाए। गम्भीर घाइते भएकी बालिकाको जिल्ला सदरमुकाम तम्घासस्थित गुल्मी अस्पतालमा उपचार गरियो। तर, डाक्टरले बालिकालाई मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रहरी नायव उपरीक्षक (डीएसपी) चिरञ्जीवी दाहालले जानकारी दिए।

» बाँकी पृष्ठ ५